बाणगङ्गा नगरपालिका

# बाणगङ्गा राजपत्र

बाणगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड:५ वर्ष:२०७८ संख्या: १ मिति:२०७८।०३।२१ गते

## भाग-१

## बाणगङ्गा नगरपालिकाको कर्मचारी समायोजन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

(नियम संख्याः४९)

प्रस्तावनाः

सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरुको समायोजन भई बाणगङ्गा नगरपालिकामा कामकाज गर्न खटाइए पश्चात साविकको स्थानीय निकायको सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको

Scanned with CamScanner

स्तर बृद्धि नहुँदा स्थानीय सेवाको समग्र कर्मचारीको वृत्ति विकास अवरुद्ध भएकोले कर्मचारी समायोजन ऐन २०७५ को दफा २३ को अधीनमा रही त्यस्ता कर्मचारीहरुको समायोजन व्यवस्थापन सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम बाणगङ्गा नगरपालिकाको नवौ नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "बाणगङ्गा नगरपालिकाको कर्मचारी समायोजन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

क) "ऐन" भन्नाले बाणगङ्गा नगरपालिकाको कर्मचारी समायोजन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ लाई सम्झनु पर्छ ।

ख) "कर्मचारी" भन्नाले साविकका स्थानीय निकायको रुपमा रहेका जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिमा कार्यरत रही समायोजन हुँदाका बखत बढुवा नभई बाणगङ्गा नगरपालिकामा समायोजन भएका र यो ऐन जारी हुँदाका बखत स्थायी सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ ।

ग) "कार्यपालिका" भन्नाले बाणगङ्गा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको विषयलाई सम्झनुपर्छ ।

ङ) "नगर सभा" भन्नाले बाणगङ्गा नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) "स्थानीय सेवा" भन्नाले बाणगङ्गा नगरपालिकामा साविकका स्थानीय निकायबाट समायोजन भई कार्यरत स्थायी कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

ज) "नगरपालिका" भन्नाले बाणगङ्गा नगरपालिकालाई सम्झनुपर्छ ।

झ) "स्थानीय कानून" भन्नाले बाणगङ्गा नगरपालिकाबाट जारी भएका कानूनलाई सम्झनुपर्छ ।

ञ) "स्थानीय निकाय" भन्नाले साविकका जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिलाई सम्झनुपर्छ ।

३. कर्मचारीको स्तर बृद्धी गर्नेः (१) साविकमा स्थानीय निकायमा स्थायी रुपमा सेवा प्रवेश गरी नगरपालिकामा सरुवा, समायोजन तथा पदस्थापन भएका र समायोजन हुँदाका बखत वढुवा तथा स्तर बृद्धि नभएका यो ऐन जारी हुँदाका बखत नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीको स्तर बृद्धि गरिनेछ ।

(२) स्तरबृद्धि गर्दा यो ऐन प्रामाणिकरण भएको मितिलाई आधार मानी समय गणना गरिने छ ।

(३) स्तरबृद्धि गर्ने प्रक्रियाको लागि सम्भावित उमेदवारहरुबाट दरखास्त संकलन गर्ने कार्यका लागि ७ दिनको सूचना प्रकासित गर्नुपर्नेछ ।

४. स्तर बृद्धिका लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधी, शैक्षिक योग्यता र पदनामः



Scanned with CamScanner

(१) यस ऐन बमोजिम स्तर बृद्धिको निमित्त उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता र सेवा अवधी पुगेको हुनु पर्नेछ ।

| हालको तह | सेवा अवधी र शैक्षिक योग्यता | स्तर बृद्धि पश्चात कायम हुने तह | पद नाम | कै. |
|---|---|---|---|---|
| श्रेणी विहिन | हालको पदमा कम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा ८ कक्षा उत्तीर्ण गरेको | श्रेणी विहिन | श्रेणी विहिन तेश्रो | |
| सहायक स्तर तृतीय | हालको पदमा कम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा एस.एल.सी उत्तीर्ण गरेको | सहायक स्तर चौथो | सहायक स्तर चौथो | |
| सहायक स्तर चौथो | हालको पदमा कम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा एस.एल.सी उत्तीर्ण गरेको | सहायक स्तर पाँचौं | सहायक स्तर पाँचौं | |
| सहायक स्तर पाँचौं | हालको पदमा कम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण गरेको | अधिकृत स्तर छैठौ | अधिकृत स्तर छैटौं | |
| अधिकृत स्तर छैठौ | हालको पदमा कम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा स्नातक तह उत्तीर्ण गरेको | अधिकृत स्तर सातौं | अधिकृत स्तर सातौं | |
| अधिकृत स्तर सातौं | हालको पदमा कम्तिमा ५ वर्ष सेवा अवधी पुगेको र कम्तिमा स्नातक तह उत्तीर्ण गरेको | अधिकृत स्तर आठौं | अधिकृत स्तर आठौं | |

(२) उपदफा (१) बमोजिम स्तर वृद्धि हुने कर्मचारीले पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा न्यूनतम ९०% अंक प्राप्त गरेको हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समूह जनाई पदनाम कायम हुनेछ ।

(४) यस दफा बमोजिम नगरपालिकाका स्थानीय सेवाका कर्मचारीहरुको स्तर बृद्धि गर्दा कायम हुने तलब निजले साविकमा खाइपाई आएको तलवभन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(५) उपदफा (१) बमोजिम स्तर बृद्धि हुने कर्मचारीहरुले स्तर बृद्धि कायम हुने तहका निम्ती तोकिएको तलवमान र सुविधाहरु प्राप्त गर्नेछन् ।

(६) यसरी स्तर वृद्धि एवं समायोजन गर्दा स्वीकृत संगठन संरचना र दरबन्धिको अधिनमा रही कार्य प्रकृति मिल्ने सेवा समूहमा समायोजन गर्न सकिनेछ ।

(७) उपदफा (२) बमोजिमको स्तर बृद्धि सम्बन्धी प्रावधान एक पटकका लागि मात्र लागु हुनेछ ।

५. दरखास्त पेश गर्नुपर्नेः दफा (४) बमोजिम स्तरबृद्धिको लागि योग्यता पुगेका उमेदवारले सूचनामा उल्लेखित कागजातहरु स्वयं प्रमाणित गरी पंजिका समेत तयार गरी दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

६. कर्मचारी समायोजन तथा व्यवस्थापन समितिः (१) दफा (३) बमोजिमको कार्यका लागि देहाय बमोजिमको समिति रहनेछ ।



Scanned with CamScanner

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
(ख) ईलाका प्रशासन कार्यालय प्रमुख - सदस्य
(ग) प्रशासन शाखा प्रमुख - सदस्य

(२) समितिको काम : दरखास्त संकलन गर्ने, शैक्षिक योग्यता, कार्यसम्पादन मूल्यांकन लगायत दरखास्त साथ पेश भएका कागजातहरु रुजुगरी नतीजा तयार गर्ने र स्तर वृद्धिका लागि सिफारिस गर्ने।

(३) दफा (१) बमोजिमको समितिको सचिवालय प्रशासन शाखामा रहने छ । समायोजन तथा व्यवस्थापनको लागि समितिले आवश्यकता अनुसार कर्मचारी खटाउन सक्नेछ ।

७. स्तर बृद्धिको पत्र दिनेः(१) यस ऐन बमोजिम स्तर बृद्धि भएपश्चात् नगरपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले स्तर बृद्धि भएको पत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने स्तर बृद्धिको पत्र अनुसूची -१ बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिमको स्तरबृद्धि गर्दा ऐन जारी भएको मितिले ३५ दिन भित्र प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गरिनेछ ।

८. पदस्थापन गरिनेः (१) दफा ४ बमोजिम स्तर बृद्धि भएका नगरपालिकाका स्थानीय सेवाका कर्मचारीहरुलाई स्तर बृद्धि पश्चात पदस्थापन गर्नु अघि स्वतः पुल दरबन्दीमा कायम भएको मानिनेछ । यसरी स्तर बृद्धि भई पुल दरवन्दीमा कायम भएका कर्मचारीहरूलाई पदस्थापन गर्नु पूर्व गरिएको कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

(२) नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई पुल दरबन्दीमा रहेका कर्मचारीहरुलाई उपयुक्त समूह तथा उप समूहमा पदस्थापन गर्नेछ ।

९.स्तर बृद्धि भएका कर्मचारीको सेवा सुविधाः (१) यस ऐन बमोजिम स्तर बृद्धि भएका स्थानीय सेवाका कर्मचारीहरुको तलव तथा अन्य सुविधा प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

१०.जेष्ठताको गणनाः (१) यस ऐन बमोजिम स्तर बृद्धि हुने कर्मचारीको जेष्ठता स्तर बृद्धि भएको मिति देखि गणना गरिनेछ ।

११.आवश्यक व्यवस्था मिलाउनेः (१) यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

१२.बाणगङ्गा नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको वृत्ति विकास सम्बन्धी व्यवस्था संघ तथा प्रदेश कानुनको अधिनमा रही निर्माण गरिने कर्मचारी सेवा सर्त र सुविधा सम्बन्धी कानूनबाट व्यवस्थित गरिने छ ।

१३.मापदण्ड बमोजिम हुनेः (१) साविकमा स्थानीय निकायमा स्थायी रुपमा सेवा प्रवेश गरी नगरपालिकामा सरुवा, समायोजन तथा पदस्थापन भएका र समायोजन हुँदाका बखत वढुवा नभएका कर्मचारीहरूको स्तर बृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कुनै मापदण्ड/ कार्यविधि/निर्देशिका जारी भएमा सोही बमोजिम हुनेछ ।



Scanned with CamScanner

अनुसूची - १

दफा ५ को उपदफा (२) संग सम्बन्धित

स्तर बृद्धि पत्र

पत्र संख्याः

चलानी नं. मितिः ..........................

श्री ..............................

..........................................

विषयः स्तर बृद्धि गरिएको सम्बन्धमा ।

कर्मचारी समायोजन ऐन,२०७५, बाणगङ्गा नगरपालिकाको कर्मचारी समायोजन व्यवस्थापन गर्न बनेको ऐन, २०७८ बमोजिम आजैका मिति देखि लागु हुने गरी तपाईलाई देहाय बमोजिमको पद तथा तहमा पुल दरबन्दीमा रहने गरी स्तर बृद्धि गरिएको छ । आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारीपुर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

स्तर बृद्धि हुन भएकोमा बधाई छ ।

तपसिलः

| हाल कार्यरत पदको विवरण | समायोजन गरिएको विवरण |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः |
| समूहः | समूहः |
| नियुक्ति मितिः | उप-समूह |

.........................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखरा ।

श्री प्रदेश लोकसेवा आयोग, बुटवल रुपन्देही ।

श्री कर्मचारी संचय कोष, ठमेल ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।

श्री आर्थिक प्रशासन शाखा, बाणगङ्गा नगरपालिका ।

आज्ञाले,

बासुदेव खनाल

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner